# सोताङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सोताङ, सोलुखुम्बु

## आ.व. २०७५/०७६ को
## वजेट तथा कार्यक्रम बक्तव्य

**प्रस्तुकर्ता**

---

**लक्ष्मी कार्की (बस्नेत)**

**उपाध्यक्ष**

# आर्थिक वर्ष २०७५/०७६को बजेट तथा कार्यक्रम वक्तव्य

श्रीमान यस सभाका सभापती तथा सोताङ गाउँपालिका अध्यक्ष श्री बीर बहादुर राईज्यू
जननिर्वाचित गाउँसभाका सम्पूर्ण पदाधिकारीज्यूहरु
इलाका प्रशासन कार्यालयका प्रमुखज्यू
सोताङ गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतज्यू
सुरक्षा निकायका प्रमुखज्यू
सोताङ गाउँपालिकाका सम्पुर्ण कर्मचारीज्यूहरु
विषयगत कार्यालयका प्रमुखज्युहरु वा प्रतिनिधिज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु,

विभिन्न आन्दोलनमा देश र जनताको लागि संघर्ष गर्दै जीवन वलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्न चाहन्छु साथै राजनीतिक-सामाजिक परिवेशमा आफ्नो ज्यानको वाजी राखी संघर्ष गर्ने र नेतृत्व लिने सवै मान्यवर, अग्रज र आदरणीय व्यक्तित्वहरु प्रति आदारभाव सहित नमन प्रकट गर्न चाहन्छु ।
सर्वप्रथमत, नेपालमा संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक संविधान बमोजिम भएको स्थानीय तहको निर्वाचन पछिको एक वर्ष **"जनता, जनप्रतिनिधि र कर्मचारीको एकता, समृद्ध सोताङ निर्माणमा हाम्रो प्रतिवद्धता"** लाई व्यवहारिक मन्त्र बनाइ विकास निर्माण एवम् सामाजिक, साँस्कृतिक, लैगिक विकासको लागि अहोरात्र खट्नु हुने सम्पूर्ण सोताङवासी आमा-बुवा, दाजु-भाइ तथा दिदीबहिनीहरु, जनप्रतिनिधिहरु, कर्मचारी मित्रहरु सवैमा धन्यवाद व्यक्त गर्न चाहान्छु ।

स्थानीयतह निर्वाचन संगै दोस्रो पटक स्थानीय तहको माग चाहाना र आवश्यकता वमोजिम आ.व. ०७५/७६ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मैले ज्यादै गौरवको महशुस गरेको छु ।

स्थानीय सरकारको रुपमा हामीले यस गाउँपालिकाको वस्ती र वडाका आवश्यकता तथा माग बमोजिम कृषि, पर्यटन, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, सांस्कृतिक लगायत सर्वाङ्गिण विकास गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै विकासको सम्भावनालाई उजागर गर्ने तर्फ केन्द्रित हुनेछौ । विकासका क्रियाकलापहरुमा यहाँहरु सवै स्थानीयवासी, जनप्रतिनिधिहरु र कर्मचारीहरुवाट सहयोग, समन्वय, विश्वास, सद्भाव र सौहार्दपूर्ण वातावरण प्राप्त हुनेछ भन्ने विश्वास लिएका छौं ।

**अध्यक्षमहोदय,**
अबम सोताङ गाउँपालिकाको आगामी सोच, लक्ष्य, र उद्देश्य प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**गाउँपालिकाको सोचः** समुन्नत भौतिक सामाजिक पूर्वाधार सहित सास्कृतिक रुपमा मौलिक उत्कृष्ट पर्यटकिय गाउँपालिका वनाउने हाम्रो सोच रहेको छ । त्यसैगरी

**हाम्रो लक्ष्यः** आन्तरिक आयको वृद्धि गर्दै मानविय तथा भौतिक विकासका पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने तर्फ केन्द्रित हुनेछ ।

**हाम्रोउद्देश्यः** आम जनतालाई विकासका लाभ उपयोग गर्न सक्षम बनाई जनताको जीवनस्तर माथि उठाउने रहेको छ ।

**अध्यक्ष महोदय,**
हाम्रो गाउँपालिकामा विकासका संभाव्यता बोकेको प्राकृतिक सुन्दरता, जडिबुटि, जैविक विविधता भएकाले आन्तरिक तथा वाह्रय पर्यटकहरुलाई आकर्षित गरी आयआर्जन र रोजगारी बढाउन सकिने छ । पर्यटन प्रचार प्रसार मार्फत आन्तरिक र वाह्य पर्यटक भित्र्याइ यस क्षेत्रमा विकासको मुल फुटाउन सकिनेछ ।

यस गाउँपालिकालाई कृषिवाली, नगदेबाली, जडिबुटी तथा फलफुलबाली विकास गर्ने र पर्यटन उद्योगलाई वढावा दिन सामाजिक, सांस्कृतिक, मौलिक कला, संस्कृतिको एवं ऐतिहासिक पुरातात्विक सम्पदाको संरक्षण, सुधार र विकास गर्नु पर्नेछ । साथै, विद्यमान सोताङमा हरेक हप्ता लाग्ने हाट बजारलाई व्यवस्थित बनाई सोलुखुम्बु जिल्लाको पूर्वि भागको बजारको केन्द्रको रुपमा यस गाउँपालिको केन्द्रलाई बिकास गरी जनताको आम्दानीमा सुधार गर्ने साथै यस क्षेत्रमा पाइने विभिन्न किसिमका जडिबुटीहरुको बजार व्यवस्थालाई प्रोत्साहन गरी गाउँपालिकाको आम्दानीको मुख्य श्रोतको रुपमा बिकास गर्न पहल गर्नु पर्नेछ । साथै यस गाउँपालिकालाई कृषि उपज र मासुमा आत्मनिर्भर बनाइ जनताको जीवनस्तरमा उल्लेखनिय परिवर्तनको अनुभूति गराउनु पर्नेछ ।

**अध्यक्ष महोदय,**
अब म चालुआ.व.को आम्दानी र खर्चको यथार्थ विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु । चालु आ.व.मा नेपाल सरकारबाट ससर्त अनुदानको रुपमा ५ करोड ४३ लाख ५५ हजार, वित्तिय समानिकरण अनुदान १० करोड ४१ लाख ७८ हजार, सामाजिक सुरक्षा भत्ता वापत १ करोड ५२ लाख ५ हजार, आन्तरिक स्रोत ४ लाख ९८ हजार २ सय २१, प्रदेश सरकारबाट ८ लाख, भूकम्पको पारिश्रमिक स्वरुप १५ हजार, आ.व. २०७३/०७४ बाट अल्या रकम रु. १ करोड ८ लाख ८५ हजार २ सय ६७ रुपैया ८२ पैसा र बेरुजु असूल उपरबाट ४३ हजार गरी जम्मा १८ करोड ५९ लाख ८८ हजार ४ सय ८८ रुपैया ८२ पैसा आम्दानी भएको यस सम्मानित गाउँसभामा जानकारी गराउँदछु । त्यसै गरी खर्च अन्तर्गत ससर्त तर्फ कृषि, पशु, स्वास्थ्य र शिक्षा गरी एकमुष्ठ रु. ५ करोड २३ लाख ७२ हजार ४ सय ९१ रहेको छ भने सोही खर्च शिर्षकको रु. १९ लाख ८२ हजार ५ सय ९ रुपैया संघिय सरकारको सञ्चित खातामा फिर्ता गरिएको, साथै एल.जि.सि.डि.पि. मार्फत चालु र पुँजीगत गरी १० लाख ६० हजार प्राप्त भएको र उक्त रकम गाउँपालिकाको सञ्चित खातामा जम्मा नगरी कोष तथा लेखा नियन्त्रण कार्यालय, सल्लेरीको टि.एस.ए. डेक्सबाट आवश्यकता अनुसार निकाशा गरी खर्च गरिएको सम्मानित सभामा प्रस्तुत गर्दछु ।

**अध्यक्षमहोदय,**
ससर्त बाहेक अन्य आम्दानीबाट गाउँपालिकाको कार्यालय, कृषि शाखा कार्यालय, पशु शाखा कार्यालय, शिक्षा शाखा कार्यालय, स्वास्थ्य शाखा कार्यालय, सोताङ गाउँपालिकाको भौतिक पूर्वाधार निर्माण, क्षमता विकास, सामाजिक सुरक्षा भत्ता, पर्यटन विकास, खेलकुद, सूचना प्रविधि, प्रशासनिक खर्च, कर्मचारी तलव भत्ता लगायत सम्पूर्ण शिर्षकमा एकमुष्ठ रकम रु. ११ करोड ८६ लाख १५ हजार १ सय ८५ रुपैया खर्च भएको छ साथै एल.जि.सि.डि.पि.बाट प्राप्त रकम मध्ये ९ लाख ६० हजार ६ सय ५० रुपैया नेपालको प्रचलित आर्थिक कार्यविधि ऐन २०५५, सोताङ गाउँपालिकाको आर्थिक कार्यविधि ऐन २०७४ एवम् अन्यप्रचलित कानून बमोजिम खर्च भएको छ र एल.जि.सि.डि.पि.को बाँकी रकम निकाशा नै नलिएको यस सम्मानित सभामा प्रस्तुतगर्दछु ।

**अध्यक्ष महोदय**
अबम यस गाउँपालिकाको आगामी आ.व. २०७५/०७६ मा उल्लेखित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आयतर्फ जम्मा रु.२० करोड ६१ लाख ५६ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु तर्फ रु ३ करोड ६२ लाख ९५ हजार (१७.६०%), बिषयगत तर्फ ससर्त ६ करोड ८७ लाख (३३.३२%) । पुँजिगत तर्फ १० करोड ११ लाख ६१ हजार (४९.०७%) विनियोजन गरेको छु साथै ८ सय १२ रुपैया ८२ पैसा सञ्चित कोषमै सञ्चित रहने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**
**अब म क्षेत्रगत विकास तर्फआ.व. २०७५/०७६ को व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु :**
**पूर्वाधार निर्माण तर्फ** कूल रु ४ करोड४८ लाख ३१ हजार, **सामाजिक विकासमा** ९०लाख, **खेलकुद विकास तर्फ** रु १० लाख **पर्यटन विकास एवम् प्रवर्द्धनमा** रु २२ लाख **शैक्षिक गुणस्तर वृद्धि तर्फ** १६ लाख ५ हजार **कृषि, पशु, स्वास्थ्य, वातारण तथा सरसफाई तर्फ** रु.१ करोड ९८ लाख ५० हजार विनियोजन गरेको छु। साथै **सूचना प्रविधि तर्फ** रु. १५ लाख ५० हजार त्यसै गरी **मेशिनरी औजार खरिद, विपत व्यवस्थापन लगायत विविध खर्चको लागि** रु ३५ लाख विनियोजन गरेको छु। **चालु आ.व. २०७४/०७५ को भूक्तानी गर्न बाँकी** रु. ७३ लाख २५ हजार भूक्तानीको लागि विनियोजन गरेको छु। त्यसै गरी **समपुरक कोषमा** रु. १ करोड रहने व्यवस्था मिलाएको छु।

अध्यक्ष महोदय
आगामी आ.व. २०७५/०७६ का लागि विनियोजित गरिएको रकमको खर्च व्यहोर्ने श्रोत तर्फ **आन्तरिक राजश्वबाट** रु. १५ लाख, **संघिय सरकारबाट वित्तिय समानिकरण अनुदान** रु ७ करोड ६९ लाख, **राजश्व बाँडफाडबाट** ३ करोड ७२ लाख ६१ हजार, **ससर्त अनुदान** रु ६ करोड ८७ लाख रहनेछ। त्यसै गरी **प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान** रु ३३ लाख १४ हजार, **थप अनुदान** २३ लाख १४ हजार, **सवारी साधन राजश्व बाँडफाडबाट** रु ११ लाख ६७ हजार तथा **चालु आ.व.को वचत** रु. १ करोड ५० लाख ८ सय १२ रुपैया ८१ पैसा रहने अनुमान गरेको छु।

अन्तमा, यस आ.व. २०७५/०७६ को वजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने यस गाउँपालिकाका आमा, बुवा, दाजु, भाइ, दिदी, बहिनी, वडाध्यक्षज्यूहरु, कर्मचारी मित्रहरु, सम्बन्धित क्षेत्रका विज्ञज्यूहरु, लगायत अन्य सम्पुर्ण सरकारी कार्यालयका प्रमुखज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु र सम्पूर्ण गाउँपालीकाबासीलाई धन्यवाद ज्ञापन गर्दै यस गाउँसभामा पाल्नु हुने सम्पूर्ण अतिथि गणहरुलाई धन्यवाद दिदै गाउँवासीका चाहाना र आवश्यकताहरुलाई यस वर्षको वजेट तथा कार्यक्रमले केहि हदसम्म भएपनि समेट्ने छ भन्ने आशा र विश्वास राख्दै मेरो वजेट तथा कार्यक्रमको मन्तव्य अन्त्य गर्न चाहन्छु। धन्यवाद !

उपाध्यक्ष
लक्ष्मी कार्की (बस्नेत)
सोताङ गाउँपालीका
सोताङ, सोलुखुम्बु।